नेपाल राजपत्र

भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३० | काठमाडौं, माघ २६ गते २०३७ साल | अतिरिक्ताङ्क ६२ (क)

शाही सन्देश

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट अरब गणतन्त्र इजिप्टको राजकीय भ्रमण तथा बहराइनको अनौपचारिक भ्रमण पूरा गरिबक्सी स्वदेश फिरिबक्सँदा २०३७ साल माघ २६ गते देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

अरब गणतन्त्र इजिप्टको राजकीय भ्रमण र बाटोमा फर्कंदा बहराइनको अनौपचारिक भ्रमण सकी आज स्वदेश फर्कंदा हामीलाई खुशी लागेको छ ।

बीसौं शताब्दीको आजको वास्तविकतासंग गाँसिएको विश्वमा नेपाल एकलिएर बस्न सम्भव हुँदैन । नेपालको स्वतन्त्रता नेपाली मात्रको अठोटमा निर्भर गर्छ भन्ने हाम्रो स्वतन्त्रतालाई देश विदेशमा हाम्रो चिनारी र मित्रताको विस्तारले पनि परिपोषण गर्न सक्दछ । त्यसैले, असंलग्ननीतिमा अडिग रही बेला बखतमा विश्वका विभिन्न देशहरूसित शान्ति र मित्रताको आधारमा सम्पर्क विस्तार गरी नेपालको प्रतिष्ठा र हितलाई अभिवृद्धि गर्नु हाम्रो नीति रही आएको कुरा सर्वविदित छ ।

मूलतः हाम्रो वर्तमान भ्रमण शान्ति र सद्भावनाको यात्रा हो। यसै परिप्रेक्ष्यमा इजिप्टका राष्ट्रपति सादातसित भएको हाम्रो विचार विमर्शमा हामीले नेपालको नीति र लक्ष्यबारे व्याख्या गर्ने मौका पायौं र विश्वको त्यस क्षेत्रको परिस्थितिसंग पनि परिचित भयौं। छलफल गरिएका धेरैजसो विषयहरूमा नेपाल र इजिप्टको समान दृष्टिकोण रहेको कुरा पनि हामीले अनुभव गर्‍यौं, अनि, शान्ति र असंलग्नताको नीति अनुशरण गर्दै आ-आफ्ना देशवासीहरूको कल्याणमा संलग्न हुनु नै वर्तमान समयको हाँक भएको कुरामा पनि अझै बढी विश्वस्त भयौं। त्यसै गरी, बहराइनका अमीरसंग भएको हाम्रो भेटघाट र विचारहरूको आदान प्रदान भविष्यमा समेत हाम्रो दुई देश र अरब जगतसित हाम्रो मैत्री बढाउने पक्षमा उपयोगी भएको कुरामा हामी विश्वस्त भएका छौं।

हाम्रो अनुपस्थितिमा हामीबाट गरिबक्सने कामको अभिभारा सह्याल्ने हाम्रा भाइ श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाह तथा राजप्रतिनिधि परिषद्का सदस्यहरूलाई हामी धन्यवाद दिन चाहन्छौं। त्यस्तै, मन्त्रिपरिषद् र अन्य सबै राष्ट्रसेवकलाई पनि ऐन कानूनबमोजिम देशको दैनिक प्रशासन चलाएकोमा हामी धन्यवाद दिन चाहन्छौं। अन्तमा, हाम्रा प्यारा देशवासीले स्वदेशको वृहत् हितलाई हृदयङ्गम गरी दर्शाएको अनुशासन र लगनशीलताको निम्ति पनि हामी धन्यवाद ज्ञापन गर्न चाहन्छौं।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून्।

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

677

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।